वर्ष : २०, अंक : २७, काठमाडौं, २०८१ मंसिर २८ गते शुक्रबार, 13 December, 2024, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित —— www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

'नेपालको निधि' लोकार्पण

जनकपुरधाम । वरिष्ठ पत्रकार किशोर नेपालद्वारा लिखित 'नेपालको निधि' लोकार्पण भएको छ । गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवले २००७ सालको जनकपुर जनसरकारका प्रधानमन्त्री स्वर्गीय महेन्द्र नारायण निधिको लोकतान्त्रिक सङ्घर्ष सहितको विषयलाई समेटेर लेखिएको पुस्तक नेपालको निधि लोकार्पण गरेका हुन् ।

पुस्तक लोकार्पण गर्दै प्रथम राष्ट्रपति डा.यादवले संविधान गतिशील दस्तावेज भएकाले यसमा परिमार्जन गर्दै संघीय लोकतन्त्रलाई बलियो बनाउनुपर्ने बताएका छन् । उनले संविधानमा कार्यपालिका, व्यवस्थापिकाले राम्रो काम गर्न नसकेको र स्वतन्त्र न्यायपालिकामा पनि राजनीतिक हस्तक्षेप बढेको बताउँदै अहिले विश्वविद्यालयहरूमा दलीय भागवन्डाबाट पदाधिकारीको नियुक्ति हुनु मुलुकका लागि दुर्भाग्य भएको बताए ।

पूर्वउप प्रधानमन्त्री एवं नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले मुलुकमा राजनीतिक, सामाजिक, आर्थिक रूपान्तरण नभएसम्म मुलुकको विकास कठिन हुने बताउँदै वर्तमान सरकारले यसमा ध्यान दिँदै दुई वर्षपछि कांग्रेसलाई सहमति अनुसार नेतृत्व हस्तान्तरण गर्ने आशा व्यक्त गरे ।

लैंगिक हिंसा दण्डनीय अपराध : मन्त्री साह

जनकपुरधाम । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवल किशोर साहले कुनै प्रकारको लैङ्गिक हिंसा सभ्य समाजका लागि स्वीकार नहुने बताउँदै कुनै पनि हिंसा राज्यको लागि सह्य नहुने बताएका छन् ।

मन्त्री साहले संघीय मन्त्रालय तथा मधेश प्रदेशको खेलकुद तथा समाज कल्याण मन्त्रालयको संयुक्त आयोजनामा जनकपुरधाममा सम्पन्न भएको लैङ्गिक हिंसा निवारण सम्बन्धि कानूनी प्रावधान विषयक अन्तरक्रिया कार्यक्रमको उद्घाटन गर्दै सो कुरा बताएका हुन् ।

उनले कानुनमा लैङ्गिक हिंसा दण्डनीय भएपनि अहिले पनि समाजमा हिंसा हुने गरेको बताउँदै हिंसामा परेकालाई राज्यले संरक्षण गर्नुका साथै हिंसा गर्ने माथि कानूनी कारवाही हुने भएकाले हरेका व्यक्ति सचेत रहन जरुरी रहेको बताए ।

मन्त्री साहले अशिक्षा, गरिबी तथा पुरातन शोचका कारणले समाजमा हिंसा हुने गरेको बताउँदै आफूले कहिल्यै हिंसा नगर्ने र हिंसा नसहने कुरामा हरेक व्यक्तिले प्रण गर्न आवश्यक भएको बताए ।

प्रेस युनियनको सल्लाहकारबाट धमेन्द्र झाको राजीनामा

काठमाडौं । नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष एंव वरिष्ठ पत्रकार धमेन्द्र झाले नेपाल पत्रकार महासंघको निर्वाचनमा नेपाल प्रेस युनियनले गरेको निर्णय प्रति असन्तुष्टि पोखेका छन् ।

झाले सामाजिक सञ्जालमा लेख्दै आफुसंग निर्वाचनको विषयमा कुनै सल्लाह नगरिएको बताए । युनियनका सल्लाकारसमेत रहेका झाले सल्लाह नलिने, सल्लाह नमान्ने र सल्लाह नै आवश्यक नपर्ने ठाउँमा सल्लाकार भन्दै बसिरहेनुको तुक नभएको बताए । उनले सल्लाकार पद त्यागेको घोषणा पनि गरेका छन् ।

पत्रकार महासंघको निर्वाचनमा प्रेस युनियनले अध्यक्षसहितको महत्वपूर्ण पदहरु एमाले निकट प्रेस चौतारीलाई बुझाएको छ । आफुले पाएको पदहरुमा समेत व्यापक असन्तुष्टि देखिएको छ । झाले सामाजिक सञ्जालमा यस्तो लेखेका छन् - "मेरा आत्मीयजनलाइ जानकारी- सल्लाह नलिने, सल्लाह नमाग्ने र सल्लाह आवश्यक नै नपर्ने ठाउँमा सल्लाहकार भन्दै बसिरहनुको के तुक भयो र ? छोडियो । साथीहरूसङ्ग रहिरहन त पदै किन चाहियो ? म सधै मेरा साथीहरूसङै छु र रहिरहनेछु । मेरो कसैप्रति कुनै गुनासो छैन । जे छ, आफैसङ्ग छ ।"

मधेशी श्रमिकका समस्याबारे मन्त्री साहसँग गरे अन्तरक्रिया

काठमाडौं । यूएईको राजधानी अबुधाबीमा रहेको नेपाली दूतावासको मधेशी एकता समाज यूएईले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री नवलकिशोर साहले यूएईका मधेशी बुद्धिजीवी र श्रमिकहरुसंग अन्तरक्रिया गरेका थिए ।

यूएईका विभिन्न क्षेत्रमा काम गरेर सफल बनेका मधेशी व्यवसायी, श्रमिक र बुद्धिजीवीहरूको सहभागिता रहेको कार्यक्रमको संचालन मधेशी एकता समाज का अन्तर्राष्ट्रिय संयोजक डाक्टर रवीन्द्र कुमार यादवले गरेका थिए ।

कार्यक्रमको मुख्य उद्देश्य मधेशका श्रमिकहरूको समस्या र उनीहरुका समस्यालाई समाधान गर्ने थियो । नेपाली श्रमिकहरुका लागि कस्ता योजनाहरू ल्याउन सकिन्छ त ? भन्ने विषयमा छलफल भएको र ती योजना नेपाल सरकारसम्म मन्त्रीमार्फत पुऱ्याउनु रहेको आयोजकको भनाई थियो ।

कार्यक्रममा केही पीडित पक्षसँग पनि अन्तरक्रिया भएको थियो । पीडितहरुका अनुसार नेपालमा दलालहरूले ठूलो प्रलोभनमा पारी मोटो रकम असुलेर विदेश पठाएको र यहाँ आउँदा भनेजस्तो काम नमिलेको, कम्पनीको अत्याचार सहन नसकी कम्पनी छोड्न बाध्य भएको र आफूलाई नेपाल पठाइदिन मन्त्री सामु पीडितहरुको आग्रह थियो ।

कार्यक्रममा विभिन्न क्षेत्रका बुद्धिजीवीहरूले नेपाल सरकारले गाउँ-गाउँमा गएर जनचेतनामूलक कार्यक्रम गरी जनचेतना जगाउन र कानून विपरीत सिधासाधा जनतालाई झुक्काई मोटो रकम असुली गर्ने दलाल र मेनपावर कम्पनीलाई कार्वाही गर्न नेपाल सरकारको ध्यान जाओस् भनी मन्त्रीमार्फत नेपाल सरकारलाई आग्रह गरेका थिए ।

मन्त्री साहले पीडितहरूको समस्याले आफूलाई पनि पीडा भएको र सबै कुरा मन्त्रिपरिषदमा उठाउने बताए । रातपछि दिन आएझैं दुःखपछि सुख आउने र असफलतापछि सफल पनि भइन्छ भन्दै मन्त्री साहले पीडितहरुलाई सान्त्वना दिएका थिए ।

कार्यक्रममा मधेशी एकता समाज, यु ए ई का अध्यक्ष धर्मेन्द्र गोहिवार यादव, महासचिव रोशन देव, न्यूयोर्क युनिभर्सिटी आबुधाबीबाट कम्प्युटर इन्जिनियरिङ् गरेका उत्तम मिश्रा, मधेशी उद्योगी व्यवसायी विनेश यादव, चार्टर्ड एकाउन्टेन्ट्सको पेशाबाट रेस्टुरेन्ट चेन मोमचा शुरू गर्ने जीवछ साह, बैंकिङ क्षेत्रकी मधेशी महिला शवनम नाज, दुई हप्तादेखि दूतावासको बाहिर भुईमै रात गुजारी राखेका श्रमिकहरु मनोज साह, सरोज शर्मा, कासिन्दर राम साथै राजदूतावासका श्रम काउन्सेलर, एनआरएनका महासचिव भुवन वाग्लेले आफ्ना कुरा राखेका थिए ।

मन्त्रालयकी 'महिला सशक्तीकरण महाशाखाकी' सहसचिव आभा श्रेष्ठ कर्ण लगायत नेपाली दुतावासका पदाधिकारीसमेतको उपस्थिति थियो ।

पहिलो भारत नेपाल पर्यटन सम्मेलन आयोजना

काठमाडौं । काठमाडौंस्थित भारतीय राजदूतावासले नेपाल पर्यटन बोर्डसँग सहकार्य गर्दै पहिलो भारत नेपाल पर्यटन सम्मेलनको आयोजना गरेको छ ।

भारत र नेपालबीच सर्किट टुरिजमको कार्यान्वयनलाई प्रोत्साहन गर्न बीटुबी कनेक्सन निर्माण गर्ने र उत्तर प्रदेशको प्रयागराजमा महाकुम्भ २०२५ को प्रवर्द्धन गर्ने बारे कार्यक्रम केन्द्रित थियो ।

सम्मेलनको पूर्ण सत्र (प्लेनरी सेसन) मा नेपाल सरकारका संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री अरुणकुमार चौधरी प्रमुख अतिथिको रूपमा उपस्थित थिए ।

राज्यमन्त्रीसँगै भारतीय राजदूतावासका कार्यवाहक राजदूत प्रसन्न श्रीवास्तव र नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले उक्त सत्रको उद्घाटन गरेका थिए ।

कार्यक्रममा बोल्दै नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज

बाँकी अन्तिम पृष्ठमा

निःशुल्क यात्री विश्राम तथा स्वास्थ्य सेवा प्रभावकारी

जनकपुरधाम । त्रेता युगमा मिथिला नरेश राजा जनककी पुत्री सीता र अयोध्या नरेश दशरथका पुत्र भगवान् रामको विवाहको सम्झनामा प्रत्येक वर्ष विवाह पञ्चमी महोत्सव जनकपुरधाममा भव्य रूपमा मनाइने गरिन्छ । यस अवसरमा अयोध्याबाट जन्ती (बाराती) जनकपुरधाम आउने परम्परा रहेको छ ।

यसै अवसरमा नेपाल-भारत खुला सीमा संवाद समूह र क्लोथ बैंक धनुषा नेपालले संयुक्त रूपमा निःशुल्क यात्री विश्राम, स्वास्थ्य शिविर, पिउने पानीको व्यवस्था, र यात्री सहायता परामर्श केन्द्र स्थापना गरेका छन् । शिविरको दोश्रो दिनसम्म करिब २५०० भन्दा बढीले स्वास्थ्य सेवा लिइएको संस्थाका अध्यक्ष डा. राजीव झा ले जानकारी दिएका छन् ।

नेपाल भारत खुला सीमाका कारण भारतको बिहार, उत्तर प्रदेश र पश्चिम बंगालबाट लाखौंको संख्यामा भक्तजनहरु राम जानकी विवाह हेर्न आउने गरेको छन् ।

खुला सीमा नेपाल भारत बिचको मैत्री सम्बन्धका आधार स्तम्भ हुन शिविरमा आउने यात्रीहरुको भनाइ रहेको छ ।

शिविर बिहान ७ बजेदेखि बेलुकी ७ बजेसम्म सञ्चालन हुने र त्यसपछि यात्री विश्राम स्थलमा परिवर्तन गरिनेछ । शिविरमा डा. अजय मिश्र, डा. उदय झा, सिअहेव दिलीप मिश्र, उज्ज्वल झा, शशी सिंह र सोनु यादव लगायतका स्वास्थ्यकर्मीहरूले निःशुल्क सेवा प्रदान गरिरहेका छन् ।

जसपा नेता तथा प्रदेश सभा सदस्य मनिष सुमन, जिसस प्रमुख राम नन्दन मण्डलले संस्थाको प्रयासको प्रशंसा गर्दै समाजसेवाको यो पहललाई प्रेरणादायी बताए । शुभकामना दिनेहरुमा प्रमोद चौधरी, डा विरेन्द्र लाल कर्ण, प्रध्यापक देवेन्द्र झा लगायतका रहेका थिए ।

शिविरमा नेपाल-भारत खुला सीमा संवाद समूहका उपाध्यक्ष शैलेन्द्र झा, धनेश्वर ठाकुर, मनिष ठाकुर, कृष्ण कुमार साह र क्लोथ बैंकका उपाध्यक्ष पुरन साह, सचिव मनिष श्रीओम, कार्यक्रम संयोजक रञ्जित झा, खुशबु साह, नन्दकुमार झालगायतको उपस्थिति रहेको जानकारी प्रवक्ता प्रमोद साह रङ्गीले दिएका छन् ।

यो शिविरले विवाह पञ्चमी महोत्सवमा सहभागी तीर्थयात्रीहरूलाई सहज र सुरक्षित वातावरण प्रदान गर्ने उद्देश्य राखेको छ ।

सम्पादकीय

विवाह पञ्चमीको महत्व

मिथिलाको प्राचीन राजधानी जनकपुरधाममा पौराणिक प्रचलनअनुसार भगवान् सीतारामको विवाह महोत्सव आउने बुधवार मनाइँदै छ। हरेक वर्ष मंसिर शुक्लपक्षका दिन राम र जानकीको स्वयंवर भएको विश्वासमा विवाह पञ्चमी पर्व मनाउने गरिन्छ। जनकनन्दिनी सीताको विवाह भएको दिनको स्मरणमा मिथिलावासीले यस महोत्सवलाई विशेष महोत्सवका रूपमा मनाउने गर्दछन्। महोत्सवका लागि जनकपुरधाममा श्रद्धालु भक्तजनको ठूलो भिड लाग्ने गर्छ। महोत्सवमा देवीदेवताको सहभागिता नभए पनि अदृश्यरूपमा उपस्थित हुने विश्वासले हर्ष र उल्लासका साथ प्रतिछाया जन्तीको आगमनदेखि विहेसम्म मिथिलावासी सहभागी हुने गर्दछन्।

मैथिल संस्कृतिअनुसार विवाह महोत्सव मनाइने क्रममा राममन्दिर र जानकी मन्दिरबाट राम र सीताको प्रतिमालाई विशेष सुसज्जित डोलामा राखी रङभूमिमा लगि स्वयम्वर भएपछि जानकी मन्दिरमा ल्याई विवाह गरिन्छ। सो अवसरमा निस्किने भगवानको डोला शोभायात्रामा सहभागी हुनेले महोत्सव दैवी विवाह भएको अनुभव गर्दै आफूलाई धन्य सम्झन्छन्। महोत्सवमा विदाइका क्षण कारूणिक हुन्छ, मिथिलावासीले चेली विदाइको गीत गाउँदा सबैको आँखा रसाउने गरेकाले प्रतीकात्मक विवाह वास्तविक विवाहझैं हुने गरेको छ। रामजानकी मन्दिरमा लाग्ने विशेष मेलामा सहभागी हुन देशका विभिन्न ठाउँ र भारतबाट समेत भक्तजनको घुईंचो लाग्ने गर्छ। त्रेतायुगमा रामले धनुष तोडेर जनकपुरका राजा जनककी छोरी जानकीलाई विवाह गरेको दिनको सम्झनामा हरेक वर्ष मंसिर शुक्ल पञ्चमीमा विवाह पञ्चमी पर्व मनाउने गरिएको छ। जनकपुरको जानकी मन्दिरबाट निस्किएको सीताजीको डोली र राममन्दिरबाट निस्केको भगवान श्रीरामको डोली रंगभूमि मैदानमा पुगी सीता स्वयम्वर कार्यक्रम आयोजना गरिन्छ। त्रेतायुगमा मिथिलाका राजा जनकले छोरी सीताको स्वयंवरका लागि राखिएको शिवधनुषलाई अयोध्याका राजा दशरथका जेठा छोरा रामले तीनटुक्रा पारेपछि मंडिसर शुक्ल पञ्चमीका दिन राम र सीताको विवाह सम्पन्न भएको धार्मिक ग्रन्थ रामायणमा उल्लेख छ। रामायणमा वर्णन भएअनुसार जनकपुरधामको रंगभूमिमा आयोजना गरिएको स्वयंवरमा देवी देवताको समेत उपस्थिति थियो। सीतालाई छोरी-वहिनीका रूपमा मान्ने मिथिलावासी महोत्सवमा देवीदेवताको सहभागिता शरीर नभए पनि अदृश्य रूपमा हुने विश्वासले हर्षोल्लासका साथ प्रतिछाया जन्तीको आगमनदेखि विहेसम्ममा सहभागी हुन्छन्। सो महोत्सव मनाउने क्रममा मिथिलाको संस्कृतिअनुसार मटकोर, तिलकोत्सव, स्वयंवर र विवाह संस्कार सम्पन्न हुन्छ। पौराणिक व्यवस्थाअनुरूप राम मन्दिरबाट बाजागाजा, झाँकीसहित भगवान् रामको प्रतिमालाई विशेषरूपमा निर्मित डोला सिंहासनमा राखी रंगभूमिमा पुऱ्याइन्छ। त्यस्तै जानकी मन्दिरबाट सीतालाई विशेष सुसज्जित डोलामा राखी रंगभूमिमा लगिन्छ। रंगभूमिमा स्वयंवर्राविधि, परीक्षणको वैवाहिक विधि सम्पन्न भएपछि सीतारामलाई जानकी मन्दिरमा ल्याई मिथिला संस्कृतिअनुसार विवाह सम्पन्न हुन्छ। त्यस अवसरमा निस्केको भगवान्को डोला शोभायात्रामा राज्यका विभिन्न स्थानलगायत सीमावर्ती भारतीय क्षेत्रका श्रद्धालु भक्तजनसमेत सहभागी हुने गर्छन्।

रंगभूमि मैदानमा वर र कन्यापक्षबीच हुने गरेको हाँसो, ठट्टा तथा गाउँगाउँबाट आउने गरेको सीतारामको प्रतीकात्मक झाँकी र लाखौं संख्यामा सम्मिलित भक्तजनको उत्साहले वास्तविक विवाहको रमितालाई उछिनेको हुन्छ। देवताको मानवीयकरणको भावनासँग सम्बद्ध विवाह महोत्सवमा सरिक भएपछि मनोवाञ्छित फल र मोक्ष प्राप्त हुने धार्मिक विश्वास छ। उक्त महोत्सव पहिले जनकपुरमा एक महिनासम्म मनाउने गरिएकामा अहिले चार दिनमात्र मनाइन्छ। विवाहपञ्चमीमा भारतबाट ठूलो संख्यामा दर्शनार्थी र श्रद्धालु भक्तजन जनकपुर आउने भएकाले यसले आर्थिक कारोबारलाई पनि मलजल पुऱ्याएको छ। यसअवधिमा जनकपुरको व्यापार ह्वातै बढ्ने गरेको छ तर यसलाई व्यवस्थित गर्न नसक्दा नकारात्मक प्रभाव पारिरहेको प्रति पनि ध्यान जानु आवश्यक छ। धार्मिक पर्यटन विश्वव्यापी पर्यटनको सबैभन्दा पुरानो रूप हो र जनकपुरमा यसको प्रशस्त सम्भावना छ। विवाहपञ्चमी जस्ता पर्वले जनकपुरको पर्यटन क्षेत्रसँगै आर्थिक कारोबार फस्टाउन सक्छ।

एउटा छविका रूपमा विकसित गर्न कुनै पनि स्थानलाई ब्राण्डिङ गर्नुपर्ने भएकाले जनकपुरलाई पनि विवाहभूमि वा आदर्श भूमिका रूपमा स्थापित गराई देश–विदेशबाट नवजोडीहरू विवाहका लागि आउने गन्तव्यस्थलका रूपमा विकसित गर्न सकिन्छ। जनकपुर क्षेत्रका महत्वपूर्ण स्थलहरूमा रचनात्मक एवम् सिर्जनात्मक क्रियाकलाप अघि बढाइए यहाँको पर्यटन क्षेत्रले थप महत्व पाउन सक्छ। कुनै पनि देशको आर्थिक समृद्धिका लागि पर्यटन उद्योगको महत्वपूर्ण भूमिका रहेको छ।

प्राचीनकालदेखि ज्ञानविज्ञान, धर्मदर्शन, कलासंस्कृति क्षेत्रमा प्रसिद्धि कमाएको मिथिलाको राजधानीको रूपमा जनकपुरलाई एक आकर्षक पर्यटकीय स्थलको रूपमा विकास गर्न सकिन्छ। पर्यटकलाई आकर्षित गर्न सक्ने यहाँका प्राचीन चित्रकला, शिल्प, मूर्तिकलासहित संस्कृतिलाई धार्मिक पर्यटकीय संग्रहालयको रूपमा स्थापना गर्न सकिन्छ।

गतांकको बाँकी...

राष्ट्रिय मुक्ति क्रान्ति नेपालको पुरक दस्तावेज

(कार्यदिशा एवं एकीकृत कार्ययोजनाको संस्लेषण)

आजको अत्यधुनिक विज्ञान र प्राचीन तपस्वी विश्वदृष्टिकोण बीच धारणाहरु मिल्न थालेका छन् कुनै एउटा विधा मात्र होइन, अत्यधुनिक विज्ञानका प्राय: सबै विधाहरु केही दशक अघिदेखि नै पूर्वीय सभ्यतामा आधारित तपस्वी विश्वदृष्टिकोणको नजिक आएकै थिए। कोरोना त्रासदी पछिको विश्व व्यवस्थामा यो प्रकृया झन तीब्र बनिरहेको छ। आजको संकटग्रस्त मानव सभ्यतालाई पनि अब तपस्वी विश्वदृष्टिकोणले नै मार्गदर्शन गर्ने छ। विज्ञानको शास्त्रीय पद्धति जहाँ पुगेर अड्किएको छ, त्यसलाई थप अगाडि बढाउन तपस्वी चिन्तन पद्धति नै एक मात्र विकल्प साबित भएको छ। यसले यान्त्रिक पद्धतिका विपरित 'प्राकृत पद्धति' अपनाउँछ। आज देखा परेका सामाजिक, स्वास्थ, राजनैतिक संकट लगायतका वैश्विक संकट समाधानमा पनि यो उपयोगी देखिएको छ। तपस्वी विश्व दृष्टिकोणले भौतिकवादी र इश्वरवादी सामाजिक मुल्य मान्यताभन्दा फरक आध्यात्मिक सामाजिक मुल्यमान्यतातर्फ अभिप्रेरित गर्दछ। यसले प्रकृत र समाजमा संघर्ष र प्रतिस्पर्धा होइन, सहअस्तित्व र सहकार्यको वकालत गर्दछ।

तथाकथित स्वर्गको लोभ वा भौतिक तत्वको लोभ होइन, सार्थक र सन्तुष्ट जीवनका लागि प्रेरित गर्दछ। भौतिक तत्वको उपलब्धिलाई माध्यम र अभौतिक तत्व (स्वयंको बोध) लाई गन्तव्य मान्दछ। जुन मान्यता मानव समाजलाई उन्नत बनाउने र सामाजिक शान्ति कायम गर्ने भूमिकाको लागि अन्तिम विकल्पका रुपमा देखिदैछ। भौतिक विज्ञान, जीव विज्ञान, मनोविज्ञान र समाजशास्त्रका अत्याधुनिक संस्करणहरुले तपस्वीहरुका निस्कर्षलाई नै दोहोर्याई रहेका छन्। यसमा संलग्न वैज्ञानिकहरु तपस्वी दृष्टिकोणको वकालत गर्न थालेका छन् शास्त्रीय विज्ञानको युगमा पाश्चात्यहरुले पूर्वीय ज्ञान परम्परालाई हेय दृष्टिले हेर्ने काम गरे। किनकि उनीहरु बढीभन्दा बढी वस्तुगत भएका थिए। भौतिक प्रमाण विनाका चिजलाई उनीहरु मिथ्या भन्दथे। त्यसकारण आधुनिक कालमा पुर्व र पश्चिमबीच धेरै श्रृजनात्मक खालको संवाद हुन पाएन। तर अब महत्वपूर्ण वैज्ञानिकहरु यसका लागि अघि सरेको देखिन्छ।

युनानी सभ्यताबाट विकसित भएको राजनीतिक दर्शन शास्त्रमा एरिस्टोटल, प्लेटो, सोकेरेट्स हुँदै म्याकियाभेली, काल मार्क्स, हेगल, स्पेङ्गलर जस्ता दर्शन शास्त्रीहरुले राजनीति र इतिहासलाई समाज बदल्ने प्रमुख प्रक्रतिको रुपमा व्याख्या गरेका छन्। शिसेरो, मनटेस्क्यु, सिग्मन्ड फ्राएड, एडम स्मीथ, डार्विन जस्ता दर्शन शास्त्रीले इतिहास, राजनीति, समाजसास्त्र, अर्थसास्त्र, मानव विज्ञान, प्रकृतिवाद, जीवशास्त्रवादको बारेमा विविधत्माक विचार अघि सारेको पाईन्छ। आजको समाज त्यसैको कडी हो।

मार्क्सले कम्युनिष्ट घोषणा पत्र जारी गर्दा न्युटनवादी द्वन्द्ववादका नियमहरुमा आधारित भएर गरेका हुन्। अब त द्वन्द्वको नियम पनि परिवर्तन भइसकेको छ। न्युटन द्वन्द्वको ठाउँमा अब द्वन्द्ववादका क्वान्टम नियम हुनेछन्। वास्तवमा क्वान्टमको थ्योरी द्वान्द्ववाद हो कि संवादात्मक ? विज्ञान यहाँ आइपुर्‍यो।

सप्टवेयर आविष्कारपछिको उत्पादन प्रणाली र सामाजिक प्रवृत्ति कार्ल मार्क्सदेखि माओ सम्मका नेताको परिकल्पनाभन्दा धेरै पर गइसकेको छ। कार्लमार्क्सको एउटै अनुमान अर्थात पुँजीवाद आफ्नै कारणले पटक-पटक संकटमा पर्छ भन्ने कुरा सही देखिन्छ। तर, सप्टवेयरको क्षमताका अगाडि एडम स्मियको मूल्यको श्रम सिद्धान्त र कार्ल मार्क्सको अतिरिक्त मूल्यको सिद्धान्त दुवै असान्दर्भिक भइसके। आज सप्टवेयर(ये आइ) आफैं उत्पादक शक्ति भएको छ। उत्पादन उद्योगमा कामदारको संख्या घटेर सेवा उद्योगहरुतिर थुप्रिन थालेको छ। सप्टवेयर उत्पादन प्रणालीका कारण विश्वको राजनीति, अर्थशास्त्र, संस्कृति सबै नयाँ ठाउँमा छन्। यी सारा कारण अब परम्परागत दर्शनशास्त्र, अर्थशास्त्र राजनीतिशास्त्र वा समाजशास्त्रले काम गर्ने वाला छैनन्।

हिजो पदार्थको प्रतिबिम्बन मस्तिष्कमा हुन्छ र त्यसबाट चेतना पैदा हुन्छ भनिन्थ्यो। आज मानव चेतना, इन्द्रीयमा प्रतिबिम्बन हुने संसारभन्दा परका सूक्ष्म यथार्थसम्म पुगिसकेको छ। यसले भौतिकवाद सम्बन्धी चलन चल्तीको परिभाषा र चेतना सम्बन्धी 'प्रतिबिम्बन सिद्धान्त' दुवैलाई असान्दर्भिक बनाइदिएको छ। त्यसैले अब भौतिकवाद सम्बन्धी परम्परागत मान्यताको ठाउँमा क्वान्टम भौतिकवादमा आधारित नियमहरु हुनेछन्। सप्टवेयरजस्तै चेतना वा आत्मा पनि अब भौतिक चिज नै हो। आत्माका पनि गतिका निश्चित नियमहरु हुन्छन्। चेतनाको पनि स्थूल र सूक्ष्म अस्तित्व हुन्छ। अब चेतनालाई जीव-रासायनिक (स्थूल) आयाममा मात्र होइन, विद्युत-चुम्बकीय (सुक्ष्म) आयाममा पनि हेर्न सकिन्छ। इन्द्रीय ज्ञान र बुद्धिसम्मत ज्ञान मस्तिष्कसँग सम्बन्धित छन्। अर्थात यो आत्माको स्थूल तह हो। मानिसको संस्कार यो भन्दा माथि हुन्छ। यो आत्माको सुक्ष्म वा उच्च तह हो। यो तह चेतनाको विद्युत-चुम्बकीय आयामसँग सम्बन्धित छ। यसरी आत्मा वा चेतनाबारे पनि नयाँ मान्यताहरु स्थापित हुनेछन्।

यसबारे पूर्वीय योगशास्त्र, सम्मोहन विज्ञान र गौतम बुद्धले विकास गरेको विपश्यना विज्ञानसँग क्वान्टम नियमहरु निकट देखिन्छन्। फरक यति हो, क्वान्टम विज्ञानसँग यसको भौतिक नियम र प्रमाण छ। पूर्वीय दर्शनसँग भने आत्मिक साधना र अनुसन्धानका निस्कर्ष वा मान्यताहरु छन्। क्वान्टम वैज्ञानिक वर्नर हाइजेनबर्गले पनि आफ्नो सिद्धान्तको विकासमा पूर्वीय ज्ञान परम्पराले सहयोगी भूमिका खेलेको बताएका छन्। क्वान्टम विज्ञानको निचोड नै वस्तु तरंग हो भन्यो। यसपछीको अझै थप अध्यन अनुसन्धानमा पूर्वीय दर्शनहरुको सहारा लिनुपर्ने हुन्छ। जस्तै

"सब्बो पज्जलितो लोको, सब्बो लोको पकम्पितो।"

- तथागत बुद्ध

सम्पूर्ण सृष्टिको वास्तविक स्वरुपको वर्णन गर्दा बुद्ध भन्नुहुन्छ- "सब्बो पज्जलितो लोको, सब्बो लोको पाकम्पितो" अर्थात् सारा जगत 'पज्जलित' अर्थात् प्रकाशको रूपमा छ र जतातते 'कम्पन' अर्थात् लहरहरू, तरंगहरु मात्र छन्। बिना रुकावट यो क्रम अविरल गतिले चलिरहन्छ, नष्ट हुन्छ, बन्छ, बर्दलिन्छ, उत्पन हुन्छ, फेरि नष्ट हुन्छ, नष्ट भएर फेरी उत्पन्न हुन्छ -" उपजित्वा-निरूज्झन्ति - उपजित्वा " यो सिलसिला चलिरहन्छ। यो सृष्टिको वास्तविक रूप प्रकाश र तरंग मात्र हो। हामीले दृश्यरूपमा देखेको संसार त्यो प्रकाश र तरंगहरूको संकुचित अभिव्यक्ति हो, यो वास्तविक होइन। आदिगुरु शंकराचार्यले पनि त्यही कुरा भनेका थिए- "ब्रम्म सत्यम् जगत् मिथ्या जीवोब्रम्हैव नापरः। हाम्रा पुर्खाहरू अर्थात् ऋषि र भिक्षुहरूले सृष्टिको शाश्वत सिद्धान्तहरू पत्ता लगाएका थिए। त्यो भनेको ऊर्जा आफैमा शाश्वत छ, पदार्थ परिवर्तन भइरहन्छ। नटराज बिम्बको अर्थ पनि प्रत्येक परमाणुका साना कणहरू निरन्तर कम्पन भइरहेका हुन्छन्। तिनीहरू एकअर्कासँग बाँधिएका हुन्छन् र एकअर्कामा परिवर्तन गरिरहन्छन्। तिनीहरूको नृत्य यस ब्रम्माण्डमा नरोकिर निरन्तर गतिमा, प्रत्येक अद्वितीय लयमा जारी रहन्छ। र तिनीहरू बीच एक जाल गठन भएको छ। फरक छैन। लयको कुरा गीतामा पनि लेखिएको छ। तसर्थ आजको विज्ञानमा भएको प्रगति हाम्रो तपस्वी विज्ञान नजिक मात्र होइन यसपछिको यात्रामा सँगै आइपुगेको छ। त्यसैगरी क्वान्टम विज्ञानले यहाँसम्म भन्छ "जब मानिसको मृत्यु हुन्छ समय र स्थानसँग उसको सोझो सम्बन्ध बिच्छिन्न हुन पुग्छ। मृत्युसँगै ब्रम्माण्ड र भौतिक शरीरबीचको सम्बन्ध टुट्छ र ब्रम्माण्डसँग जोडिएको ऊर्जा ब्रम्माण्डमै अर्को रूपमा फर्कन्छ।" अर्थात हाम्रो पूर्वीय दर्शनले उहिल्यैदेखि भन्दै आएको स्वर्ग, परमधाम, सुखावती भुवन, परलोकमा मानिस मरेपछि फर्किन्छ जस्तै भयो। उनले पदार्थको वास्तविक रूपमा अदृष्य अर्थात शक्ति हो प्रमाणित गरिसकेका छन्। यो युगकै नयाँ क्रान्ति भयो। त्यसैले आधुनिक विज्ञान खासगरी क्वान्टम विज्ञानको विकासपछि राजनीतिका पुराना न्युटन कालिन सिद्धान्त परिवर्तनको मांग युगले गरिरहेको हुँदा हामीले विकास गरेको सिद्धान्तको पनि अर्को मुख्य स्रोत विज्ञानमा भएको प्रगति हुन गयो। तसर्थ हाम्रो राजनीतिक सिद्धान्तको तीन आयामहरु (१) दर्शन, (२) इतिहास र (३) राजनीतिक-अर्थशास्त्र विज्ञानमा भएको प्रगतिको कसौटीमा प्रमाणित हुन्छ। आधुनिक विज्ञानले "संवादात्मक" प्रकृयाद्वारा वस्तुहरु निर्माण भएका छन् र रहेका हरेक वस्तुहरु बीच पनि संवादात्मक प्रकृया चली नै रहने प्रमाणित गरिदिएको छ। आइन्स्टाइनपछि देखि नै हरेक वस्तु "सापेक्षता" मा हेर्नुपर्ने प्रमाणित भैसकेको छ। यसरी वस्तुकै नियम समाजमा पनि लागु गर्दा "संवादात्मक तथा सापेक्षित साँस्कृतिक" रहेको पाउँछौं।

भौतिक वैज्ञानिक ब्रायन डेभिड जोसेफसनका अनुसार- बेदान्त र सांख्यद्वारा नै क्वान्टम सिद्धान्त व्याख्या गर्न सकिन्छ। किनभने यी दुइ सिद्धन्तले मात्र मस्तिष्क र चेतारको नियम दिन्छन्। क्वान्टमको अर्थ यस्तो कुरा हो जुन आधा पदार्थ र आधा तरंग (ऊर्जा) हो। परमाणु वैज्ञानिक नील बोहरले परमाणु विज्ञानका गूढ रहस्य पत्ता लागउन उपनिषद अध्ययन गर्थे। उनले भनेका छन्- मलाई जब जब शंका लाग्छ अरु समाधान पाइदैन। अनि उपनिषद् खोलेर पढ्छु सुप्रसिद्ध भौतिक शास्त्री ज्याक सफातीका अनुसार- सृष्टिको आधार स्पष्ट बुझाउन सांख्य बाहेक अरु कुनै सिद्धान्तले सक्दैन। यसरी पश्चिमा वैज्ञानिकहरुले पूर्वीय शास्त्रको सहारामे मात्रै अब अगाडीको यात्रा हुन् सक्ने स्पष्ट भने। यस अवस्थामा हाम्रो सिद्धान्त स्वदेशवाद, बहुल राष्ट्रवाद र सामुदायिक समाजवाद हुन गयो र यस्तो ज्ञान उत्पादनमा अमेरिकी लेखक साउमिल पी हंटिंगटंग, मेक्सिकन लेखक बोनाफिल्ड बोतालां, वर्ड चर्चिल, इभा मारी, इस्लामिक स्वशासनबारे विभिन्न रचनाहरु, भारतीय लेखक सावरकर लगायतको रचनाहरु सहायक सिद्ध भयो तथा नेपालमा पनि राजेन्द्र महतो, बुद्ध छिरिंग मोक्तान, मोहन तिम्सिलिना लगायत लेखक बिद्वानहरुले आधुनिक विज्ञानमा भएको प्रगती अनुरुप योगदान दिनुभयो।

३) पूर्वीय दर्शनको तथ्य - पाश्चात्य दर्शन युरोप तथा पश्चिमी क्षेत्रबाट प्रतिपादित दर्शन हो भने एसिया तथा महाभारत क्षेत्र। भारतवर्ष वा बर्तमान नेपाल, तिब्बत, बंगलादेश, श्रीलंका, अफगानिस्तान, पाकिस्तान र भारत लगायत। मा प्रतिपादित र विकसित गरिएको दर्शन पूर्वीय दर्शन हो भनेर मानिएको छ। युनानमा जुन पद्धति विकसित भयो त्यसबाट पश्चिमको सारा विज्ञानको जन्म भयो। भारतवर्षमा जुन पद्धति विकसित भयो त्यसलाई 'धर्म' भनियो। पूर्वमा विकास भएको हरेक दर्शनलाई धर्म संग जोडियो तर यो पनि विज्ञान नै हो।

युनानी चिन्तनले पहिले सोच्छ, खोज्छ र अन्तिममा निस्कर्ष दिन्छ। भारतवर्ष ठिक उल्टो छ। जेलाई हामी खोज्न गइरहेका छौं, त्यो सदाकाल मौजुद थियो। त्यो हाम्रो खोजभन्दा पहिले पनि मौजुद थियो। जुन 'सत्य' को उद्घाटन हुन्छ, त्यो 'सत्य' हामी नहुँदा पनि मौजुद थियो। हामीले नखोजेको समयमा पनि मौजुद थियो। हामीलाई जतिबेलासम्म त्यसबारे जानकारी थिएन त्यसबेला पनि त्यो त्यति नै थियो, जति हामीले त्यसबारे जानकारी प्राप्त गरे पछि देखिन्छ। 'सत्य' निर्मित हुन सक्दैन। 'सत्य' हामीभन्दा पहिले नै मौजुद छ। त्यसैले भारतीय पद्धतिले पहिले निस्कर्ष बताइदिन्छ। त्यस पश्चात् प्रकृयाको कुरा गर्दछ।

त्यसैले युनानी पद्धतिमा आधारित पश्चिमा विज्ञानको जुनसुकै निस्कर्ष अन्तिम हुन सक्दैन। यसका सबै निस्कर्ष अस्थायी, कामचलाउ, तात्कालिक ज्ञानमा आधारित छन्। भोली उ ज्ञान हुन्छ, त्यसले पुरानो ज्ञानलाई बर्दलिदिन्छ। त्यसैले पश्चिमको कुनै पनि 'सत्य' निरपेक्ष छैन, पूर्ण छैन। सबै 'सत्य' अपूर्ण छ। तर रोचक कुरो के छ भने 'सत्य' अपूर्ण हुने सबैना जे अपूर्ण छ, त्यो असत्य नै हुन्छ। अनि जसलाई हामीले भोली बदल्नु पर्दछ, त्यो आज पनि 'सत्य' थिएन। सिर्फ हामीलाई त्यस्तो भ्रम भएको मात्र थियो।

त्यसैले महावीरले जे भनेका छन्, त्यसमा परिवर्तन सम्भव छैन। कृष्णले जे भनेका छन्, त्यसमा परिवर्तन सम्भव छैन। बुद्धले जे भनेका छन्, त्यसमा परिवर्तन सम्भव छैन। यहिँ कारण कहिले काँही पश्चिमका मानिस यसरी चिन्तित हुन्छन कि महावीर भएको पश्चिम सय वर्ष भइसक्यो। के अझै पनि उनका कुरा सत्य हुन सक्छन ? पूर्वका सयौं तपस्वी ऋषिहरुको नाम आउँछ। तर कसैले पनि कुनै ज्ञान वा ग्रन्थलाई आफ्नो व्यक्तिगत योगदान भनी दावी गरेको पाईदैन। हिमालय पर्वतको दक्षिणवर्ती भागमा ब्राह्मण र श्रमण दुवै परम्पराभित्र अनेकन उपमतहरु विकसित भए। वेदमा आधारित मत होस् वा महावीर, बुद्धका मत होउन वा लाओत्सेले ताओ मत विकास गरेको होस् वा पछि बौद्धमत र ताओमतको समिश्रण भएर जापान पुग्दा यसलाई झेन मत भनेको होस् वा हामै हिमालय पर्वतकै सेरोफेरोमा बोन, मुन्धुम वा किराँत मत होस् यहाँ तपस्वीहरू 'श्रष्टा' होइन, 'द्रष्टा' भनिएको छ, यहाँ लक्ष्य निर्धारण गर्दा प्रभाव र प्रभावितको ख्याल गरिएको छ, यहाँ लक्ष्य पनि सामुहिक हुने गरेको छ, यहाँ एकल होइन बहुलको कुरा गरिएको छ। विविधतामा एकताको कुरा छ। सबैका बीच तत्व ज्ञानबीच सामान्यजस्ता छ यहाँसम्म कि इस्लाम लगायत अन्य मत संगको व्यापक सहकार्य पनि भेटिन्छ। तसर्थ स्वाभाविक रुपमा पूर्वीय दर्शनलाई "संवादात्मक तथा सापेक्षित सांस्कृतिकवाद" दर्शन भनिन्छ। जीवन-जगतको वास्तविक नियम पनि संवादात्मक तथा सापेक्षित सांस्कृतिकवाद नै हो।

विगत तीन सय वर्षको यान्त्रिक तथा भौतिकवादी विज्ञान तथा दर्शनको अभ्यासले अन्ततः विध्वंशक परिणाम दिएको छ। यो वर्तमान परिस्थितिको एउटा महत्वपूर्ण यथार्थ हो। यसको निवारण अब पूर्वीय दर्शनले दिनेछ। त्यसैले अबको राजनीति पनि पूर्वीय दर्शनमा आधारित हुनुपर्दछ। यस्तो देखियो कि पश्चिमा भौतिकवादी चिन्तन प्रणाली आफैमा विज्ञानको प्रारम्भिक अवस्थाको उपज रहेछ। जसले प्रकृति, जीवन र समाजको स्थुल हिस्साबारे मात्र बोल्दो रहेछ। तर उक्त समयका जीव विज्ञान, स्वास्थ्य विज्ञान, मनोविज्ञान, समाजशास्त्र र राजनीतिशास्त्रसम्म पनि यहिं भौतिक विज्ञानको स्थुल सत्यलाई पूर्ण सत्य मानेर तयार पारिएको रहेछ। त्यसैले भौतिकवादी सम्प्रदायभित्रका विचारधाराहरु सतही र अधुरो सत्यमा आधारित रहेछन। जो प्रकृति र मनुष्यको अन्तरतमको स्वभावभन्दा धेरै पर रहेछन। यस्तै सतही तथ्यमा आधारित भएकै कारण साम्यवादी मात्र होइन, उदारवादी वा समाजवादी जस्ता विचारधाराहरु पनि संकटमा फसेका रहेछन्। यस्तै स्थुल विचारधारा कै आधारमा शासन संचालन र नीति निर्धारण गरिएको कारण विश्व स्तरमा विभिन्न खालका संकट र समस्या पैदा भएका रहेछन्। क्वान्टम विज्ञानका नियमहरुलाई दार्शनिकीकरण गर्न अब पूर्वीय दर्शनको सही एवं वैज्ञानिक बुझाई अत्यन्तै उपयोगी हुनेछ। त्यसैले निष्कर्ष निकाल्नु पर्ने हुन्छ पूर्वीय दर्शन पैदा गर्ने पूर्वीया सभ्यता उत्कृष्ट थियो, जसलाई पुनः स्थापित गर्नु आजको पुस्ताको दायित्व हो।

प्राचीनकालमा पूर्वीय सभ्यता नै ज्ञान र विज्ञानको केन्द्र थियो। त्यसैले ज्ञानका धेरै जसो विधारु प्राचीनकालमा पूर्ववाट पश्चिम गएको मानिएको छ। आचार्य कणादले परमाणु संरचनाको ज्ञानकै आधारमा डाल्टनले परमाणुको सिद्धान्त प्रस्तुत गरेका थिए। आर्यभट्ट, वराह मिहिर, चरक, सुश्रुत, बुद्धायान, हलायुध, कौमारभृत्य जीवक, सुश्रुत, ब्रम्मगुप्त, वाग्भट, नागार्जुन जस्ता धुपै प्राचिन वैज्ञानिकको नाम लिन सकिन्छ, जसले समाज, स्वास्थ्य, खगोल, गणित जस्ता क्षेत्रमा महत्वपूर्ण योगदान दिएका छन्। गणितशास्त्र आज पाश्चात्यहरुको पहिचान बनेको छ। तर गणित पूर्ववाटै पश्चिम गएको मानिन्छ। पाईथागोरसले पूर्वको भ्रमण गरेका थिए। भनिन्छ, फर्किएर उनले नै गणितको जग बसाउने काम गरे। त्यस्तै ज्योतिष विज्ञान पनि पूर्ववाटै पश्चिततिर गएको मानिन्छ। आधुनिक युगमा पनि महत्वपूर्ण वैज्ञानिकहरु यसका लागि अघि सरेको देखिन्छ। यस क्रममा क्वान्टम वैज्ञानिक वर्नर हाईजेनवर्गले भारतको भ्रमण गरेका थिए। उनले आफ्नो सिद्धान्तको विकासमा पूर्वीय ज्ञान परम्पराले सहयोगी भूमिका खेलेको पनि बताएका छन्। यसकारण व्यवहारिक हिसाबले पनि पूर्वीय सभ्यतातर्फको प्यारादाईम सिफ्ट नै अन्तिम विकल्प हो भन्ने देखिएको छ। यसरी आजको अत्याधुनिक विज्ञान र प्राचीन तपस्वी विज्ञानको बीचमा एकता कायम भएको छ। यि यस्ता परिघटना हुन्, जसले युग परिवर्तनको संकेत गर्दछन्। सिंगो मानव सभ्यता अब पश्चिमवाट पुर्वतर्फ फर्कदै छ। जसले समग्र सोच, सामाजिक संरचना र संस्कृतिमा नै मौलिक फेरबदलको माग गर्दछ। आजका संकटहरुलाई पार लगाउने र सभ्यता बचाउने विकल्प पनि प्रदान गर्दछ।

३.३ हाम्रो सिद्धान्तको तीन नियम,

पश्चिमा दर्शनको फाँटमा मुख्यत: मार्क्सवादबारे एंगेल्सले द्वन्द्ववादका तीन नियम भनेका छन्। उनको यो नियम जगत्, प्रकृति, जीव, समाज र समग्र मानव जीवनमा लागू हुन्छ भनिएको छ। उनले यो नियमबाट समाज परिवर्तनको बाटो पनि देखाएका थिए। तर आज स्वदेशवादी सिध्यान्तले यसलाई भ्रम भनेको छ, झुठ भनेको छ। एंगेल्सका अनुसार "विपरीतहरुको एकता र संघर्षको नियम, मात्राको गुण एवं गुणको मात्रामा रुपान्तरणको नियम र निषेधको निषेध नियमको बारेमा उल्लेख गर्नुभएको छ।" जुन एकदमै चर्चित छ।

क्रमशः...

‘कांग्रेस र एमालेबिचको आपसी सम्बन्धलाई २०८४ को आम निर्वाचनसम्म लैजान्छौं’

० यहाँले अर्थमन्त्रालयको जिम्मेवारी सम्हालेको चार महिना वितिसकेको छ । यस अवधिमा अर्थतन्त्रका समस्या समाधान गर्न र अर्थतन्त्रलाई चलायमान बनाउन के पहल गर्नुभयो ?

– अर्थ मन्त्रालयको जिम्मेवारी सम्हालेपछि हामी मुलुकको समग्र आर्थिक अवस्थाको बारेमा सुक्ष्म रुपमा जानकारी लिन, समस्या पहिचान गर्न र समाधान गर्नमा केन्द्रित भएका छौं । परिणामतः अर्थतन्त्रमा सुधारका सङ्केतहरु देखापर्दै गएका छन् । निजी क्षेत्रको आत्मविश्वास बढेको छ र लगानीको वातावरण बन्दै गएको छ । मन्त्रलयमा बहाल भएलगत्तै हामीले सय दिने कार्ययोजना बनायौं र तीमध्ये ९० प्रतिशत भन्दा बढी कार्यान्वनय गरेका छौं ।

मुलुकको अर्थतन्त्र सुधारका लागि हामीले अर्थ जगतका अनुभवी, विज्ञ र निजी क्षेत्रका छाता सङ्गठनका प्रतिनिधिहरु सम्मिलित उच्चस्तरीय आर्थिक क्षेत्र सुधार सुझाव आयोग गठन गरेका छौं । यसबीचमा हामीले नीतिगत क्षेत्रमा केही महत्वपूर्ण काम पनि सम्पन्न गरेका छौं । बीमा नियमावली, साना तथा मझौला सङ्गठित संस्थाको धितोपत्र निस्कासन तथा कारोबारसम्बन्धी नियमावली, भन्सार महसुल नियमावली, आन्तरिक राजस्व परिचालन रणनीति, भन्सार मूल्यलाई कारोबार मूल्यमा आधारित बनाउने रणनीति, सार्वजनिक संस्थानमा ऋण तथा लगानीसम्बन्धी नीति, आन्तरिक ऋण निस्कासन तथा व्यवस्थापन कार्यविधि पारित भई कार्यान्वयनमा आएका छन् । उपभोक्ताले डिजिटल माध्यमबाट गरेको खरिदको भुक्तानीमा तिरेको मूल्य अभिवृद्धि करको १० प्रतिशत रकम सम्बन्धित खरिदकर्ताको बैंक खातामा फिर्तादिने कार्य प्रारम्भ भएको छ । तातोपानी भन्सार कार्यालयमा लगेज तथा भेइकल स्क्यानर मेशिन प्रयोगमा ल्याइएको छ ।

भन्सार प्रज्ञापन पत्रको मूख्य मूख्य चरणको जानकारी निकासी तथा पैठारीकर्तालाई एसएमएस वा इमेल मार्फत गराउने प्रणाली सञ्चालनमा आएको छ । नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्रको अभौतिकिकरण (डिम्याट) को कार्य आरम्भ भएको छ ।

० यहाँले धेरै काम भयो भन्नुभयो तर निर्माण व्यवसायीको भुक्तानी, राजश्व सर्ालन, पूँजीगत खर्च लगायतका समस्या समाधान हुन त बाँकी नै देखिन्छ नि ?

– हामीले जिम्मेवारी लिँदा अघिल्लो वर्ष भुक्तानी हुनुपर्ने दायित्व समेत बाँकी रहेको चिन्ताजनक अवस्था थियो । यस बीचमा बाँकी भुक्तानी दायित्व पूरा गर्नका लागि अर्थ मन्त्रालयले सहजीकरण गरेको छ र क्रमशः भुक्तानी हुँदै पनि गएको छ । कानुन सम्मत ढंगले सिर्जित भुक्तानी दायित्व यथाशीघ्र पुरागर्ने क्रम जारी छ । आयोजनाहरुको वर्गीकरण र बहुवर्षीय स्रोत सुनिश्चितताका बारेमा विद्यमान द्विविधा हटाउने र स्पष्ट मापदण्डका आधारमा अघि बढ्ने प्रयास भइरहेको छ । विदेशी मुद्राको सञ्चिती, भुक्तानी सन्तुलन, विप्रेषण आप्रवाह, बैंकहरुमा तरलताको अवस्था, ब्याजदर जस्ता विषयहरुमा उल्लेखनीय सुधार भएको छ । पुँजीबजार चलायमान र सुधारोन्मुख अवस्थामा आएको छ । लामो सयमदेखि अनिर्णित अवस्थामा रहेको धितोपत्र बोर्डको अध्यक्षको नियुक्ति भएको छ । गत आर्थिक वर्षको पहिलो चार महिनामा ३२ प्रतिशत राजस्व बृद्धिदर रहेकोमा यसवर्षको सोही अवधिमा १७ प्रतिशतले वृद्धि भएको छ । राजस्व चुहावट नियन्त्रणका लागि केन्द्रीय द्रुत गस्ती टोली परिचालन लगायतका विभिन्न उपायहरु अवलम्बन गरिएको छ । वैदेशिक सहयोग (अनुदान तथा ऋण) परिचालनको अवस्था तुलनात्मक रुपमा सकारात्मक बन्दै गएको छ ।

त्यसैगरी महङ्गी र मुद्रास्फिती नियन्त्रित अवस्थामा छ । पुँजीगत खर्च गतवर्षको पहिलो चार महिनाको तुलनामा यसवर्ष चार अर्बले बढी भएको छ । गैरआवासीय नेपालीले लगानी गर्ने गरी स्थापना गरिएको एनआरएनए डेभलपमेण्ट फण्ड कार्यान्वयनको चरणमा आइपुगेको छ । सरकारी स्वामित्वका बन्द तथा रुग्ण उद्योग तथा प्रतिष्ठानहरुको अवस्था यकिन गरी पुनः सञ्चालन गर्न र सञ्चालनमा रहेकाहरुको क्षमता विस्तार गर्न तयारी कार्य अघि बढाइएको छ । निजीक्षेत्र लगायत उत्पादनका हरेक क्षेत्रको मनोबल उठाउन सहयोग र सहजीकरण गरिएको छ । विश्व बैंकका अनुसार गत वर्ष ३.९ प्रतिशतमा खुम्चिएको आर्थिक वृद्धिदर यो वर्ष ५.१ प्रतिशत पुग्ने अनुमान गरिएको छ । नेपाल सन् २०२६ मा अतिकम विकसितबाट विकासोन्मुख राष्ट्रमा स्तरोन्नती हुने आधार तयार भइरहेको छ । केही हप्ता अघि हामीले इतिहासमै पहिलो पटक अन्तर्राष्ट्रिय क्षेत्रको प्रतिष्ठित संस्था फिच रेटिङबाट सोभरेन कन्ट्री रेटिङको काम सम्पन्न गरेका छौं र ‘डबल बि माइनस’ नतिजा सार्वजनिक भएको छ । यसबाट नेपालको अवस्था दक्षिण एशियामा भारतपछिको दोस्रो स्थानमा छ भन्ने पुष्टि भएको छ । नेपाल लगानीका लागि अनुकूल गन्तव्य हो भन्ने सन्देश विश्वव्यापी रुपमा नै प्रवाह भएको छ ।

० यहाँ त आफुले गरेका कामहरुप्रति सन्तुष्ट जस्तो देखिनुहुन्छ । तर आमनागरिक विशेषतः निजी क्षेत्रले चिन्ता व्यक्त गरिरहेका छन् । यस सम्बन्धमा के भन्नुहुन्छ ?

– हामीले सबै समस्याको समाधान भयो भनेका छैनौं । हाम्रो अर्थतन्त्रका समस्याको बारेमा हामी जानकार नै छौं । समस्या समाधान गर्ने र अर्थतन्त्रलाई गतिशील बनाउन नेतृत्वदायी भूमिका निर्वाह गर्ने जिम्मेवारी हाम्रो हो, सरकारको हो भन्ने कुरामा स्पष्ट छौं । भन्न के खोजिएको हो भने हामीले जिम्मेवारी सम्हाल्दा विरासतले छाडेका समस्याको चाङमा उभिनुपर्ने अवस्था थियो । स्रोत व्यवस्थापन, विनियोजन कौशल र बजेट अनुशासनका प्रश्नमा अनेकन समस्याहरु थिए । एकै पटक हजारौं हजार आयोजना थप गरिएको, ३१ प्रतिशत वृद्धिको लक्ष्य राखेर विश्वास गर्न नसकिने स्रोत अनुमान गरिएको जस्ता गम्भीर समस्याहरु हाम्रा सामु उपिस्थित थिए । समग्र मागमा भारी गिरावट, उद्योगहरुको उत्पादनमा ६० प्रतिशतसम्मको गिरावट, निर्यातमा मात्र होइन, आयातमा पनि भारी मात्रामा गिरावट, रोजगारीमा कटौती, राजश्व परिचालन र पुँजीगत खर्चको चिन्ताजनक अवस्था, सरकार अनिवार्य दायित्व भुक्तानीबाट समेत पन्छिन खोजको अवस्थाका साथै बजेट निर्माणसँगै जोडिएर आएका अनेकन समस्याको चाङ थियो । दुईचार महिनामा अर्थतन्त्रका यी सबै सङ्गहीत समस्याको समाधान सम्भव थिएन ।

तर पनि यो छोटो अवधिमा उल्लेखनीय काम सम्पन्न भएका छन् । मूल कुरा मुलुक कता जाँदैछ र मुलुकको अर्थतन्त्र कता जाँदै छ भन्ने हो । हामीले मुलुकको अर्थतन्त्रलाई ओरालो लाग्नबाट रोकेका छौं र सकारात्मक दिशातर्फ फर्काएकाछौं । निजी क्षेत्र लगायत उत्पादनका हरेकजसो क्षेत्रमा आत्मविश्वास बढ्दै गएको छ । अर्थतन्त्रमा सुधारका सङ्केतहरु देखापरेका छन् र तिनीहरुलाई अझ प्रभावकारी बनाउनु पर्नेछ ।

बैंकमा सस्तो ब्याज र पर्याप्त तरलता छ तर त्यसलाई उत्पादन र उत्पादकत्व वृद्धिमा, रोजगारी सिर्जनामा परिचालन गर्नुपर्ने छ । निजी क्षेत्रका जायज सरोकारहरुलाई सम्बोधन गर्नुपर्ने छ । आम नागरिकलाई रोजगारी वा स्वरोजगारीसँग जोड्नु छ, उनीहरुको आयआर्जन बढाउनु छ र समग्र मागमा वृद्धि गर्नुछ । हो, हामी यही काममा लाग्दैछौं । हामी अर्थतन्त्रलाई चलायमान बनाउने र राजस्व परिचालन तथा पुँजीगत खर्च वृद्धिगर्ने कुरामा अझ बढी केन्द्रीत भैरहेका छौं ।

० अब अलिकति फरक प्रसËमा जाऔं । कांग्रेस र एमालेको बीचमा देखापरेको दरारले गठबन्धन पूरा अवधि चल्दैन भन्ने चर्चा हुन थालेको छ । मतभिन्नताका बीचमा यस गठबन्धनलाई कसरी गन्तव्यसम्म पुर्‍याउनु हुन्छ?

– संविधान निर्माण भएपछि नेपाली जनताको चाहना सामाजिक न्याय सहितको समृद्धि हो । तर राजनीतिक अस्थिरताले हामीलाई त्यसतर्फ अघि बढ्न दिइरहेको थिएन । लामो इतिहास, योगदान र हैसियत भएका कांग्रेस, एमाले जस्ता पार्टीसँग बहुमत नहुने, साना दलहरुलाई जोडेर निर्माण गरिएको बहुमत लामो समय टिक्न र जनताको पक्षमा राम्रो डेलिभरी दिन नसक्ने समस्या हाम्रा सामु थियो । २०७९ सालमा निर्वाचित भएको प्रतिनिधिसभा भित्रबाट राजनीतिक स्थायित्वसहितको विकासको यात्रा तय गर्न कांग्रेस एमालेको सहयात्रा बाहेक अर्को कुनै विकल्प थिएन । निर्वाचनपछिका थरी-थरीका गठबन्धनका अभ्यास र तीनका परिणामले पनि यही शिक्षा दिएको थियो । यही पृष्ठभूमीमा यो सरकार बनेको हो । नेपाली कांग्रेस र नेकपा (एमाले)को बीचमा कायम भएको यो राजनीतिक सहयात्रा कुनै काँचो धागोमा अडिएको छैन । यो निश्चित ध्येय र उद्देश्यमा आधारित छ । राजनीतिक स्थायित्वको बलमा संविधानको रक्षा र विकास, सबै प्रकारका अतिवाद र अस्थिरताका प्रवृत्तिहरुको अन्त्य, सामाजिक न्यायसहितको विकास र समृद्धि यो सहयात्राको मूख्य उद्देश्य हो । मुलुकलाई सकारात्मक दिशामा लैजान वर्तमान प्रतिनिधिसभा भित्र खोज्न सकिने यो अन्तिम विकल्प पनि हो । कांग्रेस र एमालेको बीचमा यो सहयात्रा नहोस् भन्नेहरु निकै सक्रिय थिए । तिनको प्रयासलाई असफल पारेर यो सहयात्रा सुरु भएको हो ।

अब पनि कांग्रेस र एमालेको बीचमा दरार सिर्जना गर्न र यी दुई प्रमुख पार्टीलाई अलग गर्नका लागि अनेक प्रकारका कोसिस भएका छन् र भइरहने पनि छन् । तर हामीले त्यस्ता प्रयासहरुलाई परास्त गर्छौं राजनीतिक स्थायित्व सुनिश्चित गर्छौं । विकास, समृद्धि र सामाजिक न्यायको अभियानलाई तिब्र पार्छौं । जनतामा विशेषगरी युवा-युवतीमा, निजी लगायत उत्पादनका हरेक क्षेत्रमा आशा भर्छौं । यो सहयात्रा २०८४ को आम निर्वाचनसम्मका लागि हो । त्यतिबेलासम्म नै कायम रहन्छ, कसैले प्वालपार्ने वा भत्काउने चेष्टा नगरे हुन्छ ।

० त्यसो भए यहाँले भन्नुभएजस्तै कांग्रेस र एमालेका बीचमा कुनै समस्या नै छैन त ?

– तपाईलाई आश्चर्य लाग्ला हाम्रा बीचमा आजसम्म त्यस्तो कुनै गम्भीर समस्या सिर्जना भएकै छैन । हामीले सरकार सञ्चालनका लागि सम्माननीय प्रधानमन्त्रीज्यू, नेपाली कांग्रेसका सभापतिज्यू र दुवै पार्टीका शीर्ष नेताहरु सम्मिलित साझा संयन्त्र निर्माण गरेका छौं । संयन्त्र अन्तर्गत दुई पार्टीका चार-चार जना नेता सम्मिलित कार्यदल छ । महत्वपूर्ण विषयमा निर्णयमा पुग्नुअघि कार्यदल र संयन्त्रमा छलफल गर्ने प्रणालीको पनि विकास गरका छौं । जसले गर्दा समस्या सिर्जना हुनै पाउँदैन । संयन्त्र, कार्यदल र मन्त्रिपरिषदमा अत्यन्त जीवन्त र हार्दिक वातावरणमा छलफल हुने गरेको छ । हामीले यही प्रणालीलाई निरन्तरता दिन्छौं र सरकारमा सहभागी पार्टी, विशेषगरी नेपाली कांग्रेस र नेकपा एमालेबिचको आपसी सम्बन्धलाई यसरी नै २०८४ को आम निर्वाचनसम्म लैजान्छौं ।

० प्रधानमन्त्री केपी शर्मा ओलीले हालैमात्र मित्र राष्ट्र चीनको औपचारिक भ्रमण सम्पन्न गर्नुभएको छ । यो भ्रमणलाई यहाँले कसरी हेर्नुभएको छ ?

– स्वतन्त्र एवम् सार्वभौम राष्ट्रको जननिर्वाचित सरकार प्रमुखको हैसियतमा सम्पन्न भएको सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको चीन भ्रमण अत्यन्त सफल र ऐतिहासिक रह्यो । यस भ्रमणले नेपाल र चीनबीचको आपसी सम्बन्धलाई नयाँ उचाईमा उठाएको छ । भ्रमणका क्रममा विगतमा भएका सम्झौताहरुको कार्यान्वयनमा जोड दिनुका साथै नयाँ ऐतिहासिक महत्वका सम्झौताहरु पनि सम्पन्न भएका छन् । नेपालको आर्थिक विकास, विशेषगरी पूर्वाधार विकासमा यी सम्झौताहरुको विशेष र दूरगामी महत्व छ ।

० तर पनि भ्रमणको प्रभाव त मिश्रित जस्तो देखियो नि । कांग्रेसकै कतिपय नेताले चीन भ्रमणका क्रममा भएका सम्झौता, विशेषगरी फ्रेमवर्क फर बिआरआई कोअपरेशन एग्रिमेण्टप्रति नकारात्मक टिप्पणी गरिरहेको देखिएको छ । भ्रमणको सफलतामथि प्रश्न खडा भएन र ?

– होइन, विषयलाई त्यसरी बुझ्न हुँदैन । नेपाली कांग्रेसको आधिकारिक धारणालाई पार्टी सभापतिले प्रतिनिधित्व गर्नुहुन्छ भन्ने मैले बुझेको छु । कांग्रेसका पार्टी सभापति शेरबहादुर देउवाज्यूले सम्माननीय प्रधानमन्त्रीज्यूको चीन भ्रमणलाई अत्यन्त सफल भन्नुभएको छ । त्यति मात्र होइन उहाँले सम्माननीय प्रधानमन्त्री र उहाँको नेतृत्वको सरकारले राम्रो काम गरेको पनि बताउनुभएको छ । फ्रेमवर्क फर बेल्ट एण्ड रोड कोअपरेशन एग्रिमेण्टका बारेमा सम्झौता गर्नुपूर्व दुवै पार्टीको शीर्ष नेतृत्व तहमा गम्भीरतापूर्वक छलफल भएको छ, के गर्ने के नगर्ने भन्ने विषयमा सहमति भएको छ । बिआरआई सम्झौतमा भएको हस्ताक्षर नेपाली कांग्रेस र नेकपा एमाले बिचको सहमति अनुरुप नै छ । कसैले यस विषयलाई उछालेर दुई प्रमुख पार्टीका बीचमा अन्तरविरोध सिर्जना गर्न सकिन्छ कि भन्ने ठानेको छ भने त्यो भ्रम मात्र हो ।

० एमालेभित्रको अन्तरविरोधलाई भुसको आगोजस्तो अवस्थामा छ भन्छन् नि मानिसहरु । यस विषयमा यहाँको भनाई के छ ?

– नेकपा एमाले एउटा यस्तो पार्टी हो,



विष्णुप्रसाद पौडेल
उपप्रधानमन्त्री एवं अर्थमन्त्री

जहाँ नीति र नेतृत्वको प्रश्नमा कुनै मतभेद छैन । हामी जनताको बहुदलीय जनवादको मार्गदर्शनमा नेपाली समाजको क्रान्तिकारी रुपान्तरणका लागि क्रियाशील छौं । जनताको बहुदलीय जनवाद र दशौं राष्ट्रिय महाधिवेशनका निष्कर्षहरुप्रति सिङ्गो पार्टी पङ्क्तिमा गहिरो विश्वास छ । त्यसैगरी पार्टी अध्यक्ष केपी शर्मा ओलीज्यूप्रति समस्त पार्टी पङ्क्तिको उच्च सम्मान र भरोसा छ । उहाँ वैधानिक ब्यवस्था अनुरुपको निर्वाचित अध्यक्ष मात्र होइन, समस्त पार्टी पङ्क्तिको विश्वास जितेको आस्थाको अध्यक्ष हुनुहुन्छ । पछिल्लो दशकमा हाम्रो पार्टीले उपलब्धि र चुनौतीका जे-जस्ता श्रृङ्खला पारगर्दै आजको यो ठाँउसम्म आइपुगेको छ । उहाँको दूरदृष्टियुक्त, सुझबुझपूर्ण र साहसिक नेतृत्व नभएको भए त्यो सम्भव हुने थिएन । हो, पार्टीभित्र परिस्थिति वा घटना विशेषमा आधारित भएर असहमति वा अन्तरविरोधहरु देखा पर्न सक्तछन् तर हामीले तीनलाई तत्क्षण त्यही ठाउँमा समाधान गर्दै पार्टीको आन्तरिक एकतालाई अक्षुण्ण राख्छौं र पार्टीलाई एकतावद्ध बनाएर अघि बढाउँछौं । अब हुने नेकपा ९एमाले०को एघारौं राष्ट्रिय महाधिवेशन नीति र नेतृत्व दुवै प्रश्नमा पूर्ण सहमतिका साथ सम्पन्न हुनेछ । अन्य पदहरुमा निर्वाचन भएछ भने पनि मूल नेतृत्वमा, अध्यक्ष पदमा निर्वाचन हुने कुनै संभावना छैन । नेकपा एमालेलाई मात्र होइन, सिङगो राष्ट्रलाई सफल नेतृत्व प्रदान गर्नुभएका पार्टी अध्यक्ष केपी शर्मा ओलीज्यूका विरुद्ध कसैले उम्मेवारी दिन्छ भन्ने मलाई लाग्दैन ।

० त्यसो भए के एघारौं महाधिवेशनपछि पनि केपी ओली नै अध्यक्ष रहि रहनुहुन्छ ? तपाईहरुसँग नेतृत्व गर्न सक्छु भन्ने आत्मविश्वास नभएको त होइन ?

– प्रश्न आत्मविश्वासको होइन, प्रश्न सक्षम नेतृत्वको हो । हाम्रो पार्टी अध्यक्ष केपी शर्मा ओलीज्यूले नेकपा एमालेलाई मात्र होइन सिङगो राष्ट्रलाई योग्यतापूर्वक नेतृत्व गरिरहनु भएको छ । उहाँको क्षमता, सक्रियता र नतिजामूलक कामसँग तुलना गर्ने अर्को कुनै नेता नेकपा एमालेमा छैन । अनि किन खोज्नु पर्‍यो नेतृत्वको विकल्प ? नेतृत्व भनेको रहरको बिषय पनि होइन । यो त इतिहास, योगदान, क्षमता र राष्ट्र तथा अन्तराष्ट्रमा स्वीकार्यताको विषय पनि हो । म स्पष्ट भाषामा भन्न चाहन्छु, एघारौं राष्ट्रिय महाधिवेशनबाट सर्वसम्मतिका साथ उहाँ नै अध्यक्षमा निर्वाचित हुनुहुन्छ । यस बिषयमा कोही पनि द्विविधामा रहन आवश्यक छैन ।

० तपाईले एघरौं महाधिवेशनमा केपी ओलीको विकल्प छैन भन्ने निष्कर्ष प्रस्तुत गर्नुभयो । लामो समयदेखि उहाँसँग समिपमा रहेर काम पनि गर्नुभएको छ । यहाँले केपी ओलीलाई कसरी बुझ्नुहुन्छ ?

– उहाँ समकालीन नेपाली राजनीतिको सर्वाधिक लोकप्रिय, सबैभन्दा भिजनरी, आफ्नो आस्था र उद्देश्यप्रति अविचलित, जनता र राष्ट्रको हितका विरुद्ध कहिल्यै र कसैसँग सम्झौता नगर्ने, आफूमा निहित योग्यता, उर्जा र सिङ्गो जीवनलाई जनता र राष्ट्रको हितमा समर्पण गर्नुभएका नेता हुनुहुन्छ । उहाँ हावाको तालमा बग्ने होइन कि आवश्यक पर्दा ‘एण्टी करेण्ट’ पनि उभिन सक्ने र जनताको मनमा बास बनाउन सक्ने नेता हो । तर जनताका बैरीका लागि भने उहाँ अत्यन्त कठोर हुनुहुन्छ ।

त्यस्तै मानिसको जीवनको मूल्य बुझेको, सबै उमेर समूह, सबै जाति, भाषा, संस्कृति र लिङ्गका नेपालीले उत्तिकै प्रिय ठान्ने तथा अन्तर्राष्ट्रिय जगतमा नेपालको इज्जत र मर्यादाको प्रतिनिधित्वका साथै नेपालको पक्षमा पैरवी गरी दुनियामा नेपाललाई चिनाउन र नेपालको प्रतिष्ठा बढाउन सक्ने नेताका रुपमा मैले चिनेको छु । उहाँ एकपटक देखेको, सुनेको र भोगेको प्रसङग कहिल्यै नविर्सने असाधारण स्मरण शक्ति भएको ‘इन्साक्लोपेडिया’ जस्तो विलक्षण प्रतिभाको पनि धनी हुनुहुन्छ । यसका साथै समस्त नेपालीको साझा आकांक्षा समृद्ध नेपाल, सुखी नेपाली हो भनेर शुत्रवद्ध गर्ने नेपाली विशेषताको समाजवादका स्वप्नद्रष्टा एवं नेपालले विरलै प्राप्त गर्न सक्ने एक राजनेताका रुपमा मैले उहाँलाई बुझेको छु । मलाई लाग्छ सरलता र दृढता उहाँको जीवनका अभिन्न विशेषता हुन् । उहाँसँग सङ्गत गर्ने र सम्वाद गर्नेहरु असहमत हुन त सक्लान तर उहाँबाट प्रभावित नहुने व्यक्ति भने विरलै छन् । अध्यक्ष ओलीमा अप्ठ्यारोलाई सजिलोसँग भोग्न सक्ने र सजिलोलाई सामान्य रुपमा लिन सक्ने असाधारण खुबी छ । त्यस्तै उहाँसँग परिस्थिति बुझ्ने र समाधान खोज्ने विलक्षण क्षमता पनि छ । *-रातोपाटीबाट साभार*

के तपाईं बन्न सक्नुहुन्छ पत्रकारको नेता ?

यदी तपाईं पत्रकारिता गर्नुहुन्छ वा यस क्षेत्रप्रति चासो देखाउनु हुन्छ भने समयसमयमा 'पत्रकार महासंघको कार्यालयमा पत्रकारले नै गरे तालाबन्दी' शिर्षकको समाचार लेखेको/पढेको या सुनेको स्मरण छ ?

पत्रकार महासंघ अर्थात्, 'सम्पूर्ण नेपाली पत्रकारहरुको साझा छाता संगठन !'

जसको स्थापना सम्पूर्ण नेपाली पत्रकारहरुलाई संगठित गर्दै व्यावसायीक नेतृत्व प्रदान गर्ने र श्रमजिवी पत्रकारहरुको हकहित रक्षा गर्दै सम्पूर्ण सञ्चार क्षेत्रको विकासका लागि काम गर्ने उद्देश्यका साथ भएको हो ।

तर, आखिर पत्रकारहरुले नै आफ्नो साझा संगठनमा किन तालाबन्दी गर्छन् ? यो प्रश्नको जवाफ पत्रकार महासंघका हालसम्मका नेतृत्व र भावी नेतृत्वको आशा बोकेर चुनावी मैदानमा होमिएकाहरुले दिन सक्छन् या सक्दैनन् ? त्यो मलाई थाहा छैन ।

तर, मलाई यो पक्कै थाहा छ । यस्तो किन हुन्छ ? किनकी, स्वतन्त्रताका हिमायती कृष्णप्रसाद भट्टराईसहितका अग्रजहरूले स्थापना गरेको नेपाल पत्रकार महासंघमा पछिल्लो समय 'राजनीतिक ग्रहण' लागेको छ ।

जसका कारण, वास्तविक श्रमजीवि पत्रकारहरुले महासंघलाई साझा संस्थाका रुपमा अंगिकार गर्न सकेका छैनन् । उनीहरुमा यस संस्थाप्रति अपनत्व बोध छैन । सायद त्यसैले होला, अझैपनि देशभर हजारौं पत्रकारहरु महासंघमा आवद्धताका लागि खासै चासो देखाउँदैनन् ।

महासंघले हरेक महाधिवेशन अगाडी सदस्यता शुद्धिकरण र नयाँ सदस्यता वितरण गर्ने प्रचलन छ । अधिकतम् महासंघको केन्द्रिय कार्यालय देखि देशभरका विभिन्न शाखाहरुमा पटकपटक तालाबन्दी हुने यही समयमा हो । किनकी यस समयमा कतिपय ठाउँमा क्रियाशिल र श्रमजीवि पत्रकारहरु महासंघले तोकेको योग्यता, क्षमता र मापदण्ड पूरा गर्दागर्दै पनि सदस्यता पाउँदैनन् । अनि, कहिँकतै पत्रकारिता क्रियाशिल रहेपनि राजनीतिक रंगभेदका कारण सदस्यता शुद्धिकरणका नाममा महासंघका नेतृत्वको चलखेलमा हटाइन्छ । यति मात्रै हैन, कहिँकतै त पत्रकारिता नै नगर्ने राजनीतिक दलका नेता कार्यकर्तालाई समेत महासंघको सदस्यता दिइन्छ । र, नेतृत्वमा पुऱ्याइन्छ ।

विशेषत: पत्रकार महासंघको कार्यालयमा तालाबन्दी यि यस्तै कारण हुने गर्छ । महासंघको विधान र तोकिएको मापदण्ड अनुसार योग्यता, क्षमता भएका सबै योग्य पत्रकारहरुलाई सदस्यता दिने र मापदण्ड नपुगेका र विद्यान विपरित गतिविधी गर्ने जो कोहीलाई संगठनमा स्थान नदिने भने सायदै तालाबन्दी हुदैनथ्यो !

अर्को कुरा, पत्रकार महासंघको नेतृत्व गर्नेहरु साझा र स्वतन्त्र बन्न नसक्दा पनि ऐतिहासिक महासंघको गौरवमय साख गुम्दै गएको छ । पछिल्लो समय महासंघको निर्वाचनमा दल निकट पत्रकार संगठनहरुले गठबन्धन गर्दै भागबन्डाका आधारमा देशभर प्यानल बनाएर उम्मेदवारी दिने गरेका छन् । त्यसमा पनि देशमा जुनजुन दलहरु सत्तासाझेदार छन्, तीनै दलनिकटका पत्रकार संगठनले गठबन्धन गर्ने प्रचलन छ ।

यसरी चुनावी प्रक्रियामा जाँदा वास्तविक श्रमजिवी पत्रकारहरुको हकहितका पक्षमा काम गर्नसक्ने पत्रकार नेतृत्वमा नपुग्न पनि सक्छन् । या सही व्यक्ति नेतृत्वमा पुगे पनि श्रमजिवीको हकतिकका निम्ती भन्दा आफ्नो दलीय पत्रकार संगठन र आफुलाई नेतृत्वमा पुऱ्याउन सहयोग गर्ने संगठन र तीनका नेतृत्वका हित र एजेण्डालाई केन्द्रबिन्दुमा राखेर काम गर्छन् भन्दा अतियुक्ति नहोला !

त्यसो त निर्वाचनमा भोट माग्दा आफु सम्पूर्ण पत्रकारहरुको हकहितका निम्ती निष्पक्ष हुँदै काम गर्ने भन्दै भाषण नगर्ने गरेका हैनन् । तर, हात्तिका दुईवटा दाँत भने जस्तै हो । उनीहरु भन्छन् एकथरी अनि गर्छन् अर्कोथरी । यो मेरो आरोप हैन्, तमाम श्रमजीवि पत्रकारहरु यस्तै भन्छन् ।

नभनुन् पनि कसरी ? चुनाव जितेपछि पत्रकारको नयाँ नेतृत्वले आफूसम्बद्ध पार्टीका शीर्ष नेताका घर देखि पार्टी कार्यालय जितको आशीर्वाद थाप्न दौडधुप गर्छन् । उनीहरुको यो प्रक्रिया चुनाव जितेपछि मात्रै सुरु हुने भने हैन् । चुनावमा उठ्नका निम्ती टिकट पाउनेदेखि नै सुरु हुन्छ । पार्टीका नेताको हालगोडा मोलेरै भएपनि पत्रकार महासंघको नेतृत्वमा जो पुग्छ । उसैले भविष्यमा सरकारी ओहदाको महत्वपूर्ण नियुक्ति हात पार्छ । विगतदेखि नै यही हुँदैछ र सायद भविष्यमा पनि दोहोरिने छ ।

समस्या को नेता बन्यो भन्ने कुराको हैन् । कस्ले कहाँ नियुक्ति पाउछ भन्ने चिन्ता पनि हैन् । सम्पूर्ण पत्रकारहरुका हक अधिकारका निम्ती, समग्र पत्रकारिता जगतको साख बढाउनका निम्ती, विधि, विद्यान र पद्धतीका आधारमा निस्वार्थ भावले काम गर्ने चाहाना बोकेकाहरु नेतृत्वमा पुग्दैनन् कि भन्ने चिन्ता हो । आगामी दिनमा पुनः साझा संस्था मानिने महासंघको कार्यालयमा तालाबन्दी नहोस् भन्ने शुभेच्छा हो । आज आफैले मतदान गरेर जिताएको नेतृत्वका विरुद्धमा निकट भविष्यमा आफैले पछुत्ताएर नाराबाजी गर्ने अवस्था नआओस् भन्ने चिन्ता हो । अनि,जसको मत पाएर नेतृत्वमा पुगियो उनीहरुकै विरोधपछि राजिनामा दिएर भाग्नुपर्ने विपुल पोखरेलको जस्तो नियती नदोरिओस् भन्ने पिर हो ।

मैले यति लेख्दै गर्दा आफ्नै आड कन्याएर छारो उडाएको जस्तो हुनसक्छ । तर, अब छारो उडाएर मात्रै सुख छैन । नेपाली पत्रकारिता र पत्रकार महासंघ माथि लागेको 'राजनीतिक ग्रहण' हटाउँदै को गिर्दो 'साख' जोगाउन अत्यावश्यक छ । त्यसका निम्ती पत्रकार र पत्रकारिता माथि थुप्रिएको फोहोरलाई जतिसक्दो छिटो पखाल्नुपर्छ । नत्र यसले दुर्गन्ध फैलाउँदै जाने पक्का छ ।

सात दशक भन्दाअघि स्थापित पत्रकार महासंघमा आगामी मंसिर २८ गतेको चुनावबाट २४औं नेतृत्व चयन हुँदैछन् । यसपटक पनि विभिन्न दलनिकट पत्रकार संगठनहरु गठबन्धन गरेर चुनावी मैदानमा छन । गठबन्धन गरेर चुनाव हुँदैमा अयोग्यहरु नेतृत्वमा पुग्छन् भन्ने आशय मेरो होइन । को योग्य र को अयोग्य त्यो निर्वाचनपछि उस्को कार्यकालमा देखिएला । तर, महासंघको नेतृत्वमा श्रमजीविका निम्ती काम गर्ने, निष्पक्ष र पारदर्शी, प्रेस स्वतन्त्रता र सुरक्षा सुनिश्चितताका निम्ती काम गर्न सक्ने व्यक्ति आउन भन्ने चाहाना हो ।

नेपालमा अझैपनि पत्रकारहरुको सुरक्षा र प्रेस स्वतन्त्रता खतरामा छ । रिपोर्टिङका क्रममा पत्रकारहरुले शारीरिक, मानसिक, र कानूनी दवावको सामना गरिरहेका धेरै दृष्टान्तहरु छन् । प्रेसमाथि सरकारी नियन्त्रण, अनौपचारिक अड्चनहरू, र भ्रष्टाचारका कारण स्वतन्त्र पत्रकारिता प्रभावकारी र जनमुखी बन्न सकेको छैन । जसका कारण पछिल्लो समय आम सन्चार माध्यमप्रति पाठकहरुको विश्वास कम हुँदै गएको छ ।

नेपालमा स्वच्छ पत्रकारिता मात्रै गर्ने अधिकांश पत्रकारहरू आर्थिक रूपले असुरक्षित छन् । अझैपनि दैनिक पत्रिका, रेडियो र टेलिभिजनका मिडियामा काम गर्ने कतिपय पत्रकारहरूले न्यूनतम पारिश्रमिक समेत पाउन सकेका छैनन् । पाएपनि समयमै नपाउँदा विभिन्न समस्या झेल्नुपर्ने बाध्यता छ । मिडियाको व्यावसायिकतामा सुधार ल्याउन चुनौतीपूर्ण छ ।

डिजिटल मिडियाको आगमनसँगै

सम्भावना र चुनौतीहरु थपिँदैछ । अनलाइन मिडिया तथा डिजिटल पत्रकारितालाई मर्यादित तथा व्यवस्थित बनाउन जरुरी देखिन्छ । सरोकारवाला निकायसँगको समन्वयमा विभिन्न निती, ऐन, कानुन तथा कार्यक्रमहरु ल्याएर पत्रकारहरूको पेशागत स्तरलाई बलियो बनाउँदै लैजानुपर्ने आवश्यकता छ । पत्रकार महासंघले पत्रकारहरूको पेशागत कौशल र ज्ञानको विकासका लागि विरालो बाँधेर श्राद्ध गरेजस्तो नभई प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने देखिन्छ । जसका कारण,पत्रकारहरुलाई पेशागत हिसाबले स्थिरता र समृद्धिको महशुस होस् । अन्ततः राज्यको चौथो अंगका रुपमा स्थापित नेपाल पत्रकार महासंघको नेतृत्वमा आन्तरिक विवाद र विभाजनका कारण संगठनको कार्यक्षमता र प्रभावकारिता घटेको छ । विभिन्न समूहहरूका बीच मतभेद र शक्ति संघर्षले संगठनको उद्देश्य र लक्ष्यलाई तुहाउँछ । यस्तो अवस्थाले पत्रकार महासंघको प्रभाव र प्रतिष्ठामा नकारात्मक असर पर्नु स्वभाविक हो । जसले सदस्यहरूको महासंघ प्रतिको विश्वास कमि हुन्छ । संगै पत्रकारितामा नवप्रवेशीहरुलाई संगठन प्रतिको आकर्षण घट्छ ।

त्यसैले नयाँ नेतृत्वले पेशागत सुधारका लागि नयाँ दृष्टिकोण ल्याउनुपर्छ । पत्रकारिता पेशामा व्यावसायिकता, पारदर्शिता, र समृद्धिको नयाँ युगको सुरुवात गर्नुपर्नेछ । जसमा मुख्य कुरा भनेको पत्रकारहरूको सुरक्षाको सुनिश्चितता, पारिश्रमिकमा सुधार र प्रेस स्वतन्त्रताको रक्षाका लागि आवश्यक ऐन, कानुन बनाएर त्यसको प्रभावकारी कार्वान्वयन गर्नु हो । पत्रकार महासंघका भावी नेताहरूले संगठनको आन्तरिक एकतासहित डिजिटल मिडिया र पत्रकारिताका नयाँ प्रविधिहरूसँग तालमेल मिलाउँदै संगठनलाई अझ प्रभावकारी बनाउनु पर्छ ।

अत: आसन्न निर्वाचनमा सबै पत्रकारहरुले हाम्रो हैन्, महासंघका निम्ती राम्रो व्यक्ति पहिचान गरौं । हाम्रा लागि काम गर्नसक्ने अब्बल पत्रकारलाई मतदान गरौं । र, पत्रकारिता र पत्रकार महासंघको गिर्दो 'साख' जोगाउँ ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔ।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
